# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## पनौती नगरपालिका, काभ्रेपलाञ्चोक




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश**

पत्र संख्याः २०७८।७९

च.नं. ५९८ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,

पनौती नगरपालिका, काभ्रेपलाञ्चोक ।

**कैफियत सहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ७० लाख ५० हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.२४ लाख ५९ हजार फर्छ्यौट भई रू.१ करोड ४५ लाख ९१ हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.६४ लाख ५९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५० लाख ५७ हजार, नियमित गर्नुपर्ने रू.३० लाख ७५ हजार रहेको छ ।पालिकाको गतवर्षसम्म रु.२५ करोड ७ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२६ करोड १ हजार रहेको छ । पनौती नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)

नायब महालेखापरीक्षक

# पनौती नगरपालिका, काभ्रेपलाञ्चोक

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३२ | ३६ | १७०५० | ० | १५ | २४५९ | ३२ | २१ | १४५९१ | ६४५९ | ३०७५ | ५०५७ | ० | ० | ८१३२ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | २५०७६० | ० | ५३५० | २४५४१० | ० | १४५९१ | २६०००१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पनौती नगरपालिका, काभ्रेपलाञ्चोक , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम प्रसाद वाग्ले | २०७७-९-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हरि प्रसाद चापागाई | २०७७-४-१ | |
| कार्यालय प्रमुख | भिम न्यौपाने | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १७,०४९,६६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३१,८८,२०,६१८.१६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६,०९,०१,५५२.८७ | **चालु खर्च** | ५२,३३,०१,६१६.८७ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,७४,०३,७८५ | **पूँजीगत खर्च** | ५५,९९,००,७२२ |
| **राजश्व बाँडफाँट** | २०,००,७०,३६१.५५ | **वित्तीय/अन्य व्यवस्था** | २९,०३,१०३.१९ |
| **आन्तरिक आय** | ३५,४१,०८,९९२.७९ | | |
| **अन्य आय** | ० | | |
| **कुल आय** | १,०७,२४,८४,६९२.२१ | **कुल खर्च** | १,०८,६१,०५,४४२.०६ |
| **बाँकी मौज्दात** | | ३०,५१,९९,८६८.३१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>निकायको परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पनौती नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, ११८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५६हजार ३ सय २९ जनसंख्या रहेको छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>**लेखापरीक्षणको क्रममा असूलीः** लेखापरीक्षणको क्रममा औल्याएपश्चात रु. १२८२१९। असुल भई सम्बन्धित राजश्व खातामा दाखिला भएको छ। | |
| ४ | | | **बित्तिय बिबरण**<br><br>**स्थानीय संचित कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष 2077/ 78 को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७२ निम्न बमोजिम रहेको छः | |

| विवरण | यस वर्ष रु. | | |
|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | 1,229,491,252.50 | 1,137,233,763.67 | 1,137,233,763.67 |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | 1,058,701,350.00 | 1,072,484,692.21 | 1,072,484,692.21 |
| ११००० कर | 380,435,340.00 | 410,064,925.78 | 410,064,925.78 |
| १३००० अनुदान | 559,600,350.00 | 530,968,477.87 | 530,968,477.87 |
| संघीय सरकार | 482,599,350.00 | 460,901,552.87 | 460,901,552.87 |
| प्रदेश सरकार | 59,300,000.00 | 57,403,785.00 | 57,403,785.00 |
| जनसहभागिता | 17,701,000.00 | 12,736,140.00 | 12,736,140.00 |
| १४००० अन्य राजस्व | 117,243,660.00 | 129,861,464.56 | 129,861,464.56 |
| १५००० विविध प्राप्ति | 1,422,000.00 | 1,516,824.00 | 1,516,824.00 |
| | 170,789,902.50 | 72,074,174.46 | 72,074,174.46 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ख. अन्य प्राप्ति | | | | | |
| | | | | वितरण गर्न बाकी राजस्व | - | - | - | | |
| | | | | कोषहरु | 56,285,902.50 | 49,128,138.46 | 49,128,138.46 | | |
| | | | | धरौटी | - | 22,946,036.00 | 22,946,036.00 | | |
| | | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | 114,504,000.00 | - | - | | |
| | | | | भुक्तानी (ग+घ) | 1,813,413,252.50 | 1,100,444,875.20 | 1,100,444,875.20 | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | 1,642,623,350.00 | 1,086,105,442.06 | 1,086,105,442.06 | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | 77,825,000.00 | 65,873,817.40 | 65,873,817.40 | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | 484,072,350.00 | 403,521,739.38 | 403,521,739.38 | | |
| | | | | २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | 3,000,000.00 | 1,857,158.09 | 1,857,158.09 | | |
| | | | | २५००० सहायता (Subsidy) | 300,000.00 | 288,140.00 | 288,140.00 | | |
| | | | | २६००० अनुदान | 14,700,000.00 | 14,400,000.00 | 14,400,000.00 | | |
| | | | | २७००० सामाजिक सुरक्षा | 4,340,000.00 | 3,571,970.00 | 3,571,970.00 | | |
| | | | | २८००० अन्य खर्च | 34,460,000.00 | 33,788,792.00 | 33,788,792.00 | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | 1,020,926,000.00 | 559,900,722.00 | 559,900,722.00 | | |
| | | | | ३२००० वित्तीय सम्पत्ति | - | - | - | | |
| | | | | ३३००० दायित्व | 3,000,000.00 | 2,903,103.19 | 2,903,103.19 | | |
| | | | | घ. अन्य भूक्तानी | 170,789,902.50 | 14,339,433.14 | 14,339,433.14 | | |
| | | | | कोषहरु | 56,285,902.50 | 7,850,721.50 | 7,850,721.50 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | धरौटी | - | 6,388,711.64 | 6,388,711.64 | | |
| | | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | 114,504,000.00 | - | - | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | (583,922,000.00) | 37,360,255.47 | 37,360,255.47 | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | 333,530,591.56 | 333,530,591.56 | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | (583,922,000.00) | 370,890,847.03 | 370,890,847.03 | | |
| | | | | | | | | | |
| | | | | बैंक तथा नगद बाँकी | | 370,022,478.12 | 370,022,478.12 | | |
| ४ | | | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस स्थानीय तहले केहि निर्माण व्यवसायीको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेता पनि उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन | | | | | | |
| ५ | | | **सार्वजनिक सुनुवाईः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्र्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट संचालित विभिन्न भवन सडक,सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रको सार्वजानिक सुनवाई गरेको भएपनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाहरुको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ । | | | | | | |
| ६ | | | **न्यायिक समितिः**<br>**न्यायिक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३५ र यो बर्ष थप १३ भएको गरी कुल ४८ विवाद दर्ता भएकोमा ३० वटा मात्र फछ्र्यौट भई १८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | | | | | | |
| ७ | | | **समग्र विश्लेषणः**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२९२० अनुसार नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत विच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा महाशाखा प्रमुख विच कार्य सम्पादन सम्झौता भएको पाइएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ ९२० अनुसार स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्नेमा आन्तरिक लेखापरीक्षण गराएको छैन ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम चौमासिक प्रगति विवरण बनाएको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ प्रणाली मार्फत गर्ने गरेको देखिएन । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । निर्माण कार्यको नापी कितावमा चेनेज उल्लेख गरेको छैन । एकै काम ठेक्का र उपभोक्ता समिति मार्फत भएको अवस्थामा काममा दोहोरो परेको हुनसक्ने देखिन्छ ।<br>• नगर सभावाट स्वीकृत गरी १५ प्रतिशत भन्दा वढीको भेरियसन स्वीकृत गरेकोमा भेरियसन आदेश कारण उल्लेख गरेको छैन । स्थानीय र प्रदेश पूर्वाधार विकास कार्यक्रमको बचत बजेट निर्देशक समितिबाट स्वीकृती लिई ठेक्काबाट बचत रकमबाट उपभोक्ता समिति मार्फत काम गराएकोमा नापी कितावमा चेनेज उल्लेख गरेको छैन । जसका कारण काममा दोहोरोपना यकिन गर्न सकिदैन ।<br>• दिगो बिकास योजना ९२०१५(३०० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था अनुरुप समिति गठन गरेकोमा सो समिति सञ्चालन सम्बन्धी कुनै कार्यविधि बनाएको पाइएन साथै उक्त समितिहरु वैठक बसी भए गरेका निर्णयहरु माग गरेकोमा लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले गठित समितिहरु क्रियाशिल रहेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । पालिकाका सवै स्थायी कर्मचारीहरुको सभाबाट एकमुष्ठ रुपमा तलबी प्रतिवेदन पारित गरेको छ । तसर्थ कर्मचारीहरुको ग्रेड एकिन हुन सकेन । जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार को सुझावहरु कार्यान्वयन गर्नु पर्नेमा गरेको पाईएन । मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४९२० अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था अनुरुप सार्वजनिक खरिद नियमावली,२०७६ वनाएकोमा सो नियमावलिलाई कार्यान्वयनमा ल्याएको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजनारकार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• उपभोक्ता समितिबाट सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय सडकको दायाँ बायाँको अधिकारक्षेत्र को सीमा तोकी सोही आधारमा सडकको निर्माण गर्नु पर्नेमा सो गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १३ ऐन, ४ नियमावली, १८ कार्यविधि कानुन र ४ मापदण्ड निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>• **जिन्सी सम्पत्तीः**आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षणसम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ।स्थानीय सरकार संचालन ऐन२०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ ।कार्यालयले नगरपालिका र मातहतका विषयगत शाखा तथा वडा कार्यालयहरुमा रहेका जिन्सी मालबस्तु तथा सम्पत्तीको अभिलेख नगरपालिकाको कार्यालयमा तोकिएको म.ले.प.फारम नं. मा राख्नुपर्नेमा नगरपालिका कार्यालय वडा कार्यालयहरु र विषयगत शाखाहरुको छुट्टा छुट्टै रुपमा राख्ने गरेको देखियो।नगरपालिका कार्यालयको बजेटबाट खरिद गर्ने गरेका मालबस्तु तथा सम्पत्तीको सोही बमोजिम छुट्टा छुट्टै रुपमा आम्दानी बाँधेको जनाएता पनि लेखापरीक्षणमा पेश हुन नआएको हुदा परीक्षण हुन सकेन।नगरपालिका कार्यालयमा रहेको जिन्सी खाता बाहेक वडा र विषयगत शाखाहरुमा रहेका मालबस्तु र सम्पत्तीको जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्न नियमानुसारको समिति समेत गठन गरेको देखिन आएन।यस प्रकार रहेका जिन्सी सम्पत्तीको उचित र ठोस रुपमा संरक्षणर सदुपयोगको प्रवन्ध गरेको देखिएन।योजना तथा कार्यक्रम संचालनको लागी खरिद गरेका कतिपय जिन्सी मालबस्तु तथा सम्पत्तीहरु जिन्सी खातामा आम्दानी बाँध्ने र सम्वन्धित वडा तथा विषयगत शाखाका कर्मचारी तथा पदाधिकारीले बुझेको आधारमा खर्च घटाउने गरेको तर उक्त मालवस्तु तथा सम्पत्तीहरु सम्वन्धित योजना तथा कार्यक्रम संचालनमा उपयोग भएको देखिन आएन।जस अनुसार मालवस्तु तथा सम्पत्तीको अभिलेख अद्यावधिक गरी पूर्ण सदुपयोग र संरक्षण भएको छ भनि आश्वस्त हुन सक्ने अवस्था देखिएन।नगरपालिका कार्यालयले आफु र मातहतका विषयगत र वडा कार्यालयहरुमा रहेका मालबस्तु तथा सम्पत्तीको एकिकृत अभिलेख अद्यावधिक गराउनु पर्नेसबै मालबस्तु तथा सम्पत्तीको एकमुष्ट रुपमा जिन्सी निरीक्षण गराइ प्रतिवेदन लिइ पूर्ण सदुपयोग र संरक्षणको प्रवन्ध गर्नु पर्ने देखिन्छ।यस सम्वन्धमा सम्वन्धित पक्षले यथाशिघ्र ध्यान दिइ सम्पत्तीकोयथार्थ अवस्था यकिन गर्नुपर्ने देखियो ।<br>• वडा सन्चालन खर्चः स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७३ को उपदफा २ मा प्रमुख प्रशासकिय अधिकृतले प्रचलित कानुन बमोजिम वडा सचिवलाई अख्तियारी दिन सक्ने व्यवस्था रहेको छ । कार्यालयले नगरपालिकास्थित १२ वटा वडा कार्यालयहरुलाई निम्नानुसारको खर्च गर्ने अख्तियारी दिएको देखियो । जस अन्तर्गत यस वर्ष ती वडाहरुलाई रु.३१९३००००।०० निकासा भएकोमा रु ३१८००८६५।०० खर्च भई रु १२९१३४।६७ वाँकी भएको देखियो ।वडा सचिवले कार्यालय प्रमुख र लेखा प्रमुख दुवैको तर्फबाट कार्य गरेको छ । जस्ले गर्दा आन्तरिक नियन्त्रण व्यवस्था कमजोर रहन गएको देखिन्छ । लेखापरीक्षण गराउन उपस्थित वडा सचिवहरुले प्राप्त अख्तियारी र सो बमोजिमको खर्च गर्ने ज्ञान सीप आफुहरुसँग नरहेको र वडा अध्यक्षको निर्देशन बमोजिम खर्च गर्नुपर्ने वाध्यता रहेकोले नगरपालिकाबाटै खर्चको भुक्तानी र सोधभर्ना दिन उपयुक्त हुने व्यहोरा अवगत गराएको हुदाँ यस प्रकार दिएको अख्तियारी र सो बमोजिम गरेको खर्च व्यवस्थित, मितव्ययी र कानुनसम्मत भयो भन्न सक्ने अवस्था देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **पेश्की व्यवस्थापन**<br>**पेश्की वाँकीः** कार्यालयले देहाय अनुसार पेश्की फछ्यौंट नगरेकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुसार आ.ब. को अन्तसम्म देहाय वमोजिम पेश्की फछ्यौंट गर्नु पर्दछ । | ७७५,००० |
| ९ | | | **खाना तथा विविधतर्फः**<br>–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.२४०००००।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १० | | | **आन्तरिक राजस्व** | |

| सिन | पद | नाम | म्याद नजाने | जाने |
|---|---|---|---|---|
| 1 | नायब सुब्बा | परशुराम बन्जारा | - | 50,000.00 |
| 2 | निर्माण व्यवसायी | सहारा कन्सट्रक्सन, हेटौडा | 1,728,633.00 | - |
| 3 | निर्माण व्यवसायी | भुम्देऊ महाँकाल निर्माण सेवा | - | 100,000.00 |
| 4 | निर्माण व्यवसायी | जनकल्याण निर्माण सेवा | 1,490,000.00 | - |
| 5 | निर्माण व्यवसायी | पि=आर=÷ओमबुद्ध जे=भी= | 3,300,000.00 | - |
| 6 | निर्माण व्यवसायी | पि=आर=÷ओमबुद्ध जे=भी= | 1,940,000.00 | - |
| 7 | संघ संस्था | प्राणनाथ माइती वृद्धाश्रम | - | 250,000.00 |
| 8 | उपभोक्ता समिति | खान्डोल कुलो मर्मत उपभोक्ता समिति | - | 125,000.00 |
| 9 | उपभोक्ता समिति | च्यानडाँडा बौद्धस्तुपा निर्माण उपभोक्ता समिति | - | 250,000.00 |
| | | जम्मा | 8,458,633.00 | 775,000.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१ | | | **क)कम खर्च लेखाँकन भएको:** नगरपालिका आन्तरिक पूजिगत तर्फः भौ.नं. ३९४।२०७८।३।०७ पनौती नगरपालिकाले पुण्यमाता ढल निकास कार्य बोलपत्रको माध्यमबाट गराउने गरी ठेक्का व्यवस्थापन भई निर्माण व्यवसायी साहारा कन्सट्रक्सनलाई चालु आ.व. २०७८।७९ मा रु. २३०००००।मोविलाईजेशन पेश्की दिएको देखिएको छ । उक्त निर्माण व्यवसायीलाई सो कार्यको प्रथम बिल वापतको रकम रु.१९०४,५५८। भुक्तानी गर्दा मोविलाईजेशन पेश्की वापत कट्टा गरेको रकम रु. ५७१३६७। लाई गत आ.व.को खर्च जनाई भुक्तानी गरेको पाईयो।चालु आर्थिक वर्षमा भुक्तानी भएको पेश्की रकम गत आ.व.को खर्चमा लेखांकन हुँदा चालु आर्थिक वर्षको कुल खर्च रकममा उक्त रकम न्यून लेखांकन हुन गएकोले नगरपालिका आन्तरिक पूजिगत तर्फ निकासा अनुसार यथार्थ खर्च रु.५२५८६५७८४। हुनु पर्नेमा बजेट खर्च रु.५२५२९४४१७।भएकोले रु.५७१३६७।न्यून खर्च कायम हुन गएको छ । उक्त रकम समेत खर्च जनाई संसोधित आर्थिक प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>ख) **ब्याक हो लोडर:**कार्यालयमा रहेको एकवटा ब्याकहोलोडरले यस आ.व. २०७६।०७७ मा नगद आम्दानी गरेको छैन भने रु.१०८९२०३। बराबरको कार्य गरेको देखिएबाट आम्दानी भएको पाइएन।उक्त ब्याक हो लोडरमा यो वर्ष भएको खर्च मध्ये इन्धनमा रु.७३९७६०, मर्मत कार्यमा रु.१५१०५९ र एक जना करारमा रहेको चालकको पारिश्रमिक रु.२८१७६५ समेत जम्मा रु.११७२५८४। खर्च भएको देखियो। जसमा स्थायी तर्फ कार्यरत रहेको एक जना चालको सेवा सुविधा समावेस गर्दा उक्त खर्च थप बढी हुने देखिन्छ।यस प्रकार सरकारी साधनको उपभोग र सोको प्रतिफललाई हेर्दा लागत लाभ सिद्धान्त र न्यूनतम लागतको सिद्धान्त समेतलाई विचार नगरी भएको कार्यको सम्वन्धमा कार्यपालिकाको ध्यान जानु आवश्यक छ।<br>ग) **खानेपानी तर्फः**नगरपालिकाले काभ्रे उपत्यका एकिकृत खानेपानी व्यबस्थापन बोर्ड बनेपालाई आयोजना समपुरक कोष खर्च भनि रु.६२ लाख चेक मार्फत पठाई बजेट खर्च लेखेको छ । यसरी रकम पठाउन मिल्ने सम्वन्धमा नेपाल सरकार, एडिबी, नगरविकास कोष, पनौती नगरपालिका, बनेपा नगरपालिका र धुलिखेल नगरपालिका विच भएको सम्झौता पेश हुन आएन।समपुरक कोष भनि उपलब्ध गराएकोमा उपलब्ध गराएको रकम के प्रयोजनमा खर्च भयो सोको पुष्ट्याई समेत पेश हुन आएन । | |
| १०.२ | | | **क)पसल कबल भाडाः** पनौती वस पार्कमा रहेको नगरपालिकाको भवनमा रहेको राजकुमार श्रेष्ठको सटर नं ३ को भाडा वापतको संझौता अनुसारको उठाउन वाँकी देखिएको रकम रु.९१८१८।असुल हनुपर्ने रु<br>ख) **विज्ञापन करः** विज्ञापन कर वापत मुल्य अभिवृद्धि कर वाहेक वार्षिक रु.२१६५००।०० बुझाउने गरी आकृति एडभरटाइजिङग र नगरपालिका विच मिति २०७४।९।१ देखि २०७६ मंसिर मसान्त सम्म दुई वर्षको अवधिको लागि मिति २०७४।९।११ मा संझौता भएको देखिन्छ ।उक्त एडभरटाइजिङ्गले सम्झौता अवधि सम्मको कुनै पनि रकम नगरपालिकालाई वुझाएको देखिएन । अत सम्झौता बमोजिमको रकम असूलीका लागि नगरपालिकाले पहल गर्नु पर्ने देखिन्छ ।ततपश्चात नगरपालिकाले मिति २०७६ कार्तिक देखि २०७७ आषाढ सम्मको विज्ञापन कर असूल गरेको छैन भने २०७७ असोजमा सफल एडभरटाइजिङ्ग प्रा लि पोखरासंग सम्झौता गरी २०७७ श्रावण देखि २०७८ आषाढ सम्मको सम्झौता बमोजिमको कर रु.१२१०००।असूल गरेको देखिएको छ । | ९१,८१८ |
| १०.३ | | | **रसिद नियन्त्रण खाताः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९(५) मा कार्यालयमा नगद वा वैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम अनिवार्यरुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । सोका लागि आम्दानी रसिदहरुको व्यवस्थित अभिलेख राख्नुपर्दछ । यस पालिकाले पालिका अन्तर्गतका वडा १ देखि १२ सम्मलाई यस वर्ष ४१२ रसिद ठेली पालिकाको रसिद नियन्त्रण खातामा चढाएको देखिन्छ तर उक्त वडाहरुवाट वर्षभरिमा कति रसिद ठेली प्रयोग भए फिर्ता कति भए वांकी कति ठेली प्रयोगमै आएको छैन सोको विवरण व्यवस्थित रुपमा रसिद नियन्त्रण खाता राखेको देखिदैन । यस किसिमको अवस्थाले आन्तरिक नियन्त्रण कायम नभई अभिलेखमा दोहोरोपना र रसिदको दुरुपयोग हुन सक्ने देखिएको छ । व्यवस्थित रुपमा रसिद नियन्त्रण खाता राखि सोमा आम्दानि जनाई खर्च भएका रसिहरुको मात्र प्रयोग गर्ने तर्फ सचेत हुनु पर्दछ । व्यवस्थित रसिद नियन्त्रण खाता नभएकोले पालिका अन्तरगतका वडा कार्यालयहरुले राजश्व प्राप्तिका लागि कुन कुन नम्बरका कति रसिद प्रयोग गरे, प्रयोग गरेका सवै रसिदबाट प्राप्त रकम पालिकामा दाखिला गरे भनि एकिन गर्न सक्ने अवस्था रहेन । | |
| ११ | | | **वजेट** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले शुरुमा २०७७।०३।१० मा रु.१ अर्ब ३२ करोड २८ लाख स्वीकृत भएकोमा २०७८।०३।०७ गतेको नगरसभाको वैठकले संशोधित वजेट रु.१ अर्ब ६१ करोड २८ लाख ४७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट (रु हजारमा )</th><th>खर्च रकम(रु हजारमा )</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>१३६४९८</td><td>१००५०५</td><td>९.२५</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>५४३४३६</td><td>३९२१००</td><td>३६</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>७६६६७०</td><td>४४०८२३</td><td>४०.६१</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>३२०९२</td><td>१०१०५</td><td>०.०९</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१६३९१५</td><td>२०४६३०</td><td>१८.८५</td></tr>
<tr><td>जम्मा</td><td>१६४२६२३</td><td>१०८५५३४</td><td>१००</td></tr>
</table>
उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः पालिकाले यस वर्ष गरेको कुल खर्च मध्ये सवैभन्दा वढी ४०.६१ प्रतिशत र सवैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ०.०९ प्रतिशत खर्च गरेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **चौमासिक खर्च**<br>**क)चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| न पा पुँजिगत | ५५९३२९ | ८५८२९ | १८६५१९ | २८६९८१ | १६२७२८ |
| खर्च प्रतिशत | १०० | १५.३४ | ३३.३४ | ५१.३१ | ३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कोभिड परीक्षण**<br>विपद व्यवस्थापन कोभिड कोष तर्फ लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्: आय व्ययको स्थितिः | |

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७८ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट (प्रकोप व्यवस्थापन कोष मौज्दात अ.ल्या.) | 8207987.63 | राहात वितरण | 0.00 |
| प्रदेश सञ्चित कोषबाट | 1000000.00 | CICT, क्वारेन्टिन, आईशोलेसन, होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन संचालन | 490134.00 |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | 2463542.00 | क्वारेन्टाइन, सि.आई.सि.टि. आईशोलेसन, संचालन खाना तथा खाजा खर्च | 355192.00 |
| संघीय कोभिड कोषबाट | 1000000.00 | जनशक्ति परिचालन | 4073327.00 |
| नेपाल पूर्वाधार विकास बैंकबाट सहयोग | 700000.00 | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 1904669.00 |
| अन्य स्रोतबाट प्राप्त (सहयोग) | 18900.00 | एम्बुलेन्स मर्मत खर्च | 492962.00 |
| | | कोभिड १९ रोकथाम तथा नियन्त्रण खर्च (भ्याक्सिनेशन तथा अन्य) | 241100.00 |
| | | प्रकोप सम्बन्धी अन्य खर्च | 1184192.00 |
| | | बाँकी | 4648853.63 |
| जम्मा | 13390429.63 | जम्मा | 13390429.63 |

- खर्च तर्फः औषधी एवं स्वास्थ्य उपकरण खरिदमा रु १९०४६६९।०० खर्च भएकोमा सीधै खरिद भएको देखिन्छ । सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।
- जनशक्ति परिचालन खर्चमा रु ४०७३३२७।०० खर्च भएको देखाएको छ । के वापत कति कर्मचारी परिचालन गरी यस्तो खर्च लेखेको हो नियमित तलव खाने कर्मचारीलाई समेत वितरण भएको हो कि अन्य सेवा करारमा लिई भुक्तानी गरेको हो यस्तो खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **सेवा प्रवाह स्थितिः**<br>कार्यालयको सेवा प्रवाह उपर तोकिए बमोजिम लक्ष पूरा भए नभएको लेखापरीक्षणमा विश्लेषण गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस निम्नवमोजिम सेवा प्रवाह गरेको देखियो।पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।<br>**सेवा प्रवाहः** नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ। | |
| १५ | | | **आयतर्फः** | |

| क्र सं | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १४४४ | १४४४ |
| २. | घरबाटो सिफारिस | २७६३ | २७६३ |
| ३. | नाता प्रमाणित | ५३५ | ५३५ |
| ४. | जन्म मृत्यु दर्ता | १३७३ | १३७३ |
| ५. | अन्य | ५९२ | ५९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | आन्तरिक आय ठेक्काः स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ) को (६) अनुसार गाउँपालिकाको अधिकार अन्तरगत रहेको प्राकृतिक वस्तुको विक्रि तथा निकासी शुल्क दस्तुर संकलन गर्नसक्ने उल्लेख छ । सो बमोजिम यस नगरपालिका अन्तरगतका ठेक्का व्यवस्थापन भएका प्राकृतिक वस्तुहरुको निकासी विक्रि तथा संकलन दस्तुर प्राप्तिको विवरण निम्नानुसार रहेको छ ।<br>क) बोलपत्रको सुचनामा स्वीकृत प्रारम्भिक वाताबरणीय परीक्षण प्रतिवेदन **(IEE)** मा उल्लेखित खानी क्षेत्रहरुबाट स्विकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा ,ढुङगा ,ग्राभेल र माटो विक्री एवम निकासी गर्ने भनी उल्लेख भएपनि कति परिमाणमा उत्खनन **,** बिक्री **,** र निकासी गर्ने हो सो उल्लेख नगरी केवल रकम मात्र उल्लेख गरी बोलपत्र आह्वान गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा यस सम्बन्धमा छलफल गर्दा **IEE** मा ढुङगा गिट्टीको मात्र परिमाण हुने र सामान विक्री निकासी हुँदा खानीबाट निस्काशित डष्ट लगायतका वेष्ट मेटरियल समेत समावेश हुने भएको तथा **IEE** अनुसारको परिमाण तोकी ठेक्का आह्वान गर्दा कवोल अंक घटी हुने हुदाँ परिमाण नखुलाइएको जनाएको छ । परिमाण नखुलाई ठेक्का हुँदा वातावरणीय परिक्षणबाट कायम गरिएको भन्दा वढी परिमाण विक्रि हुने तर पालिकालाई सो अनुसारको आम्दानी नहुने जोखिम रहने र वातावरणमा नकारात्मक असर समेत पर्ने भएकोले यसतर्फ पालिकाको ध्यान जानु पर्दछ ।<br>ख) **ढुंगा,गिट्टि,वालुवाको करः**स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १ (च) , ३ र ४ मा ढुंगा, गिट्टी र वालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी वाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन,२०७५ द्वारा खारेज गरी दफा ६२क थप गरेर स्थानीय तहहरुले गिट्टी,ढुंगा, वालुबा विक्री गरी प्राप्त रकम आफ्नो सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बाग्मति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९ मा संघीय कानुनसंग वाझिने गरी ढुंगा, गिट्टी वालुवा दहत्तर बहत्तरको शुल्क असुली र वाँडफाँट सम्बन्धी व्यवस्था गरेको छ । वागमती प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९(५) अनुसार ढुंगा,गिट्टी,वालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा,गिट्टी, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ जारी गरी गिट्टी,ढुंगा, वालुवा विक्रिवापतको राजश्व स्थानीयले संकलन गरी प्रदेश र स्थानीय तह विच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी वाँडफाँड गर्ने व्यवस्था गरेको छ । जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरित देखिन्छ । यस नगरपालिकाले गिट्टी,ढुंगा,वालुवा विक्रिबाट प्राप्त रकम मध्ये ठेक्काबाट मुल्य अभिवृद्धि कर बाहेक रु ८२६१२९३८।०० समेत यस वर्ष राजस्व प्राप्त गरेकोमा बाडफाँड नगरी स्थानिय सञ्चित कोषमा जम्मा गरेको पाइयो । गिट्टी, ढुंगा , वालुवा विक्रिबाट प्राप्त हुने राजश्व उत्पतीको आधार एवं सो राजस्व संकलन गर्दा पर्ने वातावरणीय असर समग्र प्रदेशसँग सम्बन्धित भएकोले राजस्व वाँडफाँड सम्बन्धी कानुन तर्जुमा गर्दा सो विषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा वाँडफाँड गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>ढिलो दाखिलाः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ को उपदफा २ अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० दिन भन्दा बढी ढिला दाखिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचिलत कानुनबमोजिम विभागि कारवाही गर्न गराउन सक्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष वैकल्पिक सडक निर्माण दस्तुर संकलन कार्य, नपा भित्रका साधारण निर्माणमुखी खानी उत्खननका ढुंगा,रोडा,ग्राभेल,माटो नगरवाहिर निकासी कर संकलन तथा उपयोग विक्रीकरको लागि निम्नानुसारका वोलपत्रदाता संग मिति २०७७ आषाढ महिनामा ठेक्का सम्झौता गरेको र करारनामामा ठेक्का अंकको किस्ता वन्दीको रुपमा श्रावण, मंशिर,फागुन, जेठ मसान्तसम्ममा गरी चौथो किस्ता दाखिला गरिसक्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षणका क्रममा ती वोलपत्रदाताले तोकिएको म्याद भन्दा एक महिना ढिला गरी आषाढ मसान्तमा दाखिला गरेको देखिएको छ । यस सम्वन्धमा न.पाले करारनामामाको शर्तमा उल्लेखित मितिमा रकम दाखिला नगर्ने वोलपत्रदातावाट कुनै सुद तथा हर्जना असुल उपर गरेको पाईएन भने करारनामामा हर्जना सम्वन्धी कुनै व्यवस्था समेतनपाईएकोले समयमै सरकारलाई राजस्व प्राप्त नभई राजस्व असुलीमा प्रभाव परेको देखिएकोले कानुनमा सुधार गरी यस्तो व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ ।
<table>
<tr><th>ठेक्का नं</th><th>कवोल अंक</th><th>अन्तिम किस्ता</th><th>दाखिला हुनुपर्ने अवधि</th><th>दाखिला भएको</th></tr>
<tr><td>१।७७।७८</td><td>१०१७१२५५६</td><td>२५४२८०००</td><td>२०७८ जेठ</td><td>२०७८ आषाढ</td></tr>
<tr><td>२।७७।७८</td><td>११०५०००००</td><td>२७६२५०००</td><td>२०७८ जेठ</td><td>२०७८ आषाढ</td></tr>
<tr><td>३।७७।७८</td><td>९६६७७७७८</td><td>२४१७००००</td><td>२०७८ जेठ</td><td>२०७८ आषाढ</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>भ्रमण अभिलेख खाताः<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम १८-१_ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको अनुसूची ६ को ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख रहेकोमा नगपालिकाले सो बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता राखेको छैन र भ्रमणमा खटिने कर्मचारीहरुबाट प्रतिवेदन समेत लिने गरेको देखिएन।नगरपालिकाले नयाँ म ले प फाराम अनुसारको भ्रमणको प्रतिवेदनको अभिलेख राख्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अबकास रकम भुक्तानीः<br>आयकर ऐन,२०५८ मा अबकास रकम भुक्तानी गर्दा ५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यबस्था छ।नगरपालिकाले नगरक्षेत्रभित्र संचालनमा रहेका सामुदायिक बिद्यालयमा अध्यापन गरेका शिक्षकहरुको दरबन्दी मिलान गर्नका लागि १ देखि ५ बर्ष सम्म सेवा अबधि बाँकी रहेका शिक्षक शिक्षिकालाई स्वेच्छिक अबकासमा जान प्रोत्साहित गराउनका लागि शिक्षा एवं सामाजिक बिकास समितिको सिफारिसमा सामाजिक सूरक्षा अबकास कार्यक्रम अन्तर्गत १५ जना शिक्षहरुलाई देहायको रु.३९५००००।रकम भुक्तानी गरेकोमा आयकर ऐन, बमोजिमको कर रु.१९७५००।कट्टी गरेको नदेखिएकोले कर रकम असूल हुनु पर्ने रु.
<table>
<tr><th>सि नं</th><th>शिक्षकको नाम</th><th>भुक्तनी रकम</th><th>कर रकम</th></tr>
<tr><td>१</td><td>कृष्ण सुन्दर सैंजू</td><td>२०००००</td><td>१००००</td></tr>
<tr><td>२</td><td>दर्गा बहादुर शाह</td><td>२५००००</td><td>१२५००</td></tr>
<tr><td>३</td><td>दूर्गा सिं लामा</td><td>३०००००</td><td>१५०००</td></tr>
<tr><td>४</td><td>धर्म राज के शी</td><td>३०००००</td><td>१५०००</td></tr>
<tr><td>५</td><td>नवराज सापकोटा</td><td>२५००००</td><td>१२५००</td></tr>
</table></td><td>१९७,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | |
|---|---|---|---|
| ६ | बिष्णु बहादुर मग्राती | ३००००० | १५००० |
| ७ | भिमसेन सापकोटा | २००००० | १०००० |
| ८ | माधव प्रसाद बन्जारा | ३००००० | १५००० |
| ९ | राजन कार्की | २५०००० | १२५०० |
| १० | रामकृष्ण सापकोटा | २००००० | १०००० |
| ११ | रामदेबी मांतछे | २००००० | १०००० |
| १२ | लालमान तामागं | ३००००० | १५००० |
| १३ | शिबबहादुर राई | ३००००० | १५००० |
| १४ | शिबराम के सी | ३००००० | १५००० |
| १५ | संगिता श्रेष्ठ | ३००००० | १५००० |
| | जम्मा | ३९५०००० | १९७५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **उठ्न बाँकी रकम सम्बन्धमाः**<br>नगरपालिकाले यस बर्ष नगरपालिका चालु, संघीय शसर्त, प्रदेश शसर्त गरी ३ वटा बजेट उपशीर्षकबाट निम्नानुसारको लागत सहभागितामा पशु तथा बाख्रा सिलबन्दी बोलपत्रको माध्यमद्वारा खरिद गरेकोमा कृषकबाट सहभागिता हुनु पर्ने रकम भन्दा कम मात्र नगरपालिकामा दाखिला गरेको देखिएकोले उठ्न बाँकी रकम सम्बन्धित कृषकबाट असूल गरी नगरपालिकामा दाखिला हुनु पर्ने रु | १,८७२,९४६ |

| बिबरण | संख्या गोटा | सहभागिता प्रतिशत | प्राप्त हुनु पर्ने लागत सहभागीता | प्राप्त भएको | प्राप्त हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| भैंसी | ५०६ गोटा | प्रति भैंसी ७५०० | ३७९५००० | ६०२६६४० | १८७२९४६ |
| गाई | ४० गोटा | लागतको २० प्रतिशत | ५६०००० | | |
| बाख्रा | १५० गोटा | लागतको २० प्रतिशत | ३९०००० | | |
| बोयर बोका | ७ गोटा | लागतको २० प्रतिशत | ११२००० | | |
| मेशिनरी औजार | १७ प्रकारका बिभिन्न | लागतको ४० प्रतिशत | ३०४२५८६ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **बढी भुक्तानीः** | |
| १९.१ | | | **खर्चको मापदण्डः** अर्थमन्त्रालय कार्य सञ्चालन निर्देशिका,२०७५ को बुँदा नं ७.१.१५ मा तालिम, गोष्ठी सेमिनार लगायतका खर्चको मापदण्ड उल्लेख छ । सो मापदण्डलाइ आधार लिइ खर्च गर्नुपर्ने प्रावधान छ । कार्यालयले निम्नानुसारका भुक्तानीमा देहायबमोजिम नियम विपरित भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु २०४१०।असुल गर्नुपर्ने रु= | २०,४१० |

| गो.भौ.नं/मिति | खर्च विवरण | निर्देशिकाले तोकेको | भुक्तानी दर | संख्या | बढी भुक्तानी दर | बढी भुक्तानी | कर कट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ४१०/२०७७।१२।२२ | प्रशिक्षक | ८०० | १५०० | ७ | ७०० | ४९०० | ७३५ | ४१६५ |
| | संयोजक | ८०० | १५०० | ३ | ७०० | २१०० | ३१५ | १७८५ |
| ४२५।२०७७।१२।२६ | संयोजक | ८०० | १५०० | ६ | ७०० | ४२०० | ६३० | ३५७० |
| | सहजकर्ता | ८०० | १५०० | १८ | ७०० | १२६०० | १८९० | १०७१० |
| जम्मा | | | | | | | | २०४१०। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.२ | २३० | २०७७-८-१६ | **बढी भुक्तानीः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९ -५_ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था छ । नगरपालिकाले नगरभित्रका १२ बडा अन्तर्गतका युवाहरुलाइ सवारीचालक तालिम उपलब्ध गराउनका लागि प्याराडाइज ट्रेनिङ सेन्टर प्रा लि संग मिति २०७६।११।१८ मा सम्झौता गरी गत बर्ष तथा यस बर्ष गरी रु.१९५०००।भुक्तानी गरेको देखिएको छ ।तालिम कार्यक्रमको सम्झौतामा १०० जनालाई तालिम उपलब्ध गराउने भनिएकोमा ८९ जना मात्र सहभागी भई तालिम लिएको देखिएकोमा भुक्तानी १०० जनाको गरेको देखिएकोले ११ जनाको प्रतिब्यक्ति रु. १९५०० का दरले रु.२१४५०० भुक्तानी भएकोले बढी भुक्तानी भएको देखिएको रु. | २१४,५०० |
| २० | | | **करार सेवाः**<br>नगरपालिकाले यस वर्ष मिति २०७७।३।१० र ११गतेको सातौं नगर सभाबाट दरवन्दी स्वीकृत गरी नेपाल सरकारका कर्मचारीले पाए सरहको सुविधा पाउने गरी इन्जिनयर,कानुनी सल्लाहाकार, सूचना प्रविधि अधिकृत, सब इन्जिनियर,नायब सुब्बा, खरिदार, अनमि, ह.स.चा, का.स लगायत विभिन्न पदमा कर्मचारी नियुक्त गरी ५२ जना कर्मचारीलाई यस वर्ष तलब भत्ता, थप भत्ता, महंगी भत्ततथा चाडपर्व खर्च रु.१२८६०८०।समेत रु.१८९३४०७६।खर्च लेखेको छ । | |
| २१ | | | **कर कट्टीः**<br>आयकर ऐन २०५८ मा अन्तिम रुपमा हुने भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यबस्था छ ।नगरपालिकाले कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि खटिएका कर्मचारीहरुलाई देहायको भौचर नं बाट निम्नानुसारको जोखिम भत्ता भुक्तानी गरेकोमा पारिश्रमिक कर कम कट्टा गरेको देखिएकोले नपुग कर रु ७२१७१ सम्बन्धितबाट असूल हुनु पर्ने रु | ७२,१७१ |

| भौ नं मिति | भुक्तानी संख्या | भुक्तनी रकम | कर कट्टी गर्नु पर्ने | कट्टी गरेको कर | बाँकी |
|---|---|---|---|---|---|
| ९३।०७८।६।२८ | ५५ जना | ७८४३०० | ११७६४५ | ४५४७४ | ७२१७१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **सहायता तथा कार्यक्रमिक सहयोगः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकालाई तोकिएको अधिकारमा आर्थिक सहायता तथा कार्यक्रमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । तर नगरपालिकाले आन्तरिक चालू तथा नेपाल सरकारको चालू खर्च शीर्षकबाट बिरामीको प्रमाण राखी विभिन्न व्यक्तिलाई औषधी उपचार सहायता वापत, पर्व पूजा रथयात्रा जात्रा, तीज कार्यक्रम र अन्य विभिन्न संघ तथा संस्थालाई विभिन्न सामाग्री, खाजा, खाना, खाद्य सामाग्री, खेलकुद सामाग्री खरिद गरेका बिल र मागको आधारमा खर्चको अनुमानित लागत, स्वीकृत प्रस्ताव, प्रस्ताव अनुसारका खर्चका प्रमाणित बिल भर्पाइ बेगर स्थानिय कला संस्कृति जगेर्ना तथा व्यवस्थापन तथा स्थानीय चाड पर्व पूजा आजा तथा जात्रा संचालन शीर्षकमा रु३५११५००८ खर्च गरेको देखियो।खर्चको अनुमानित लागत र प्रस्ताव अनुसारका प्रमाणित बिल बेगर भुक्तानी गर्दा खरिद गरिएका सामानको दुरुपयोग हुने, वास्तविक कार्यक्रममा खर्च नभई व्यक्ति विशेषलाई फाइदा पुग्ने र भुक्तानी रकम वास्तविक खर्च हो भनि यकिन गर्न सक्ने अवस्था नभएको हुँदा नगरपालिकाले नियम अनुकुल नहुने गरी यस्तो आर्थिक सहायता र कार्यक्रमगत सहयोग उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| २३ | | | **नगर सभा सुविधाः**<br>नगर सभा सुविधाः पनौती नगर कार्यपालिकाको मिति २०७४।५।२८ गते बसेको आठौ बैठकको निर्णय अनुसार नगरसभाबाट पारित बजेटमा व्यवस्था भए अनुसा कर्मचारीको मनोबल उच्चराख्न, कार्य उत्प्रेरणा जगाउन तथा कार्य वोझको आधारमा आन्तरिक श्रोतबाट व्यहोर्ने गरी प्रोत्साहनको रुपमा केही सुविधा दिने बजेट व्यवस्था गरेको तथा नगर सभा कम्तीमा दुई पटक गर्नुपर्ने, त्यसको तयारी तथा व्यवस्थापनको लागि र अन्य समयमा पनि कर्मचारीहरु अतिरिक्त समय कार्यमा खटिनु पर्ने भएकोले नगर कार्यपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत रहने कर्मचारीहरुलाई खाइपाइ आएको तलबको दुई महिनाको थप तलब सुविधा दिने निर्णय भएको देखिन्छ । सोही निर्णयका आधारमा विगत वर्षहरु जस्तै यस वर्ष पनि १०८ जना कर्मचारीहरुलाई रु.६३६९१७८। सुविधा वापत भुक्तानी गरेको देखिएको छ । | |

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>बैठक भत्ताः<br>बैठक भत्ताः अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१. मा बैठक भत्ता भुक्तानी दिंदा तोकिएको ६ वटा मापदण्ड पालना नगरी बैठकमा भत्ता दिन नमिल्ने व्यवस्था रहेको छ।कार्यालयले देहाय बमोजिम उक्त मापदण्ड पालना नहुने गरी एउटै निकायका पदाधिकारी मात्र संलग्न बैठकमा भत्ता भुक्तानी दिएको देखियो।यसरी तोकिएको उक्त मापदण्डको पालना नगरी नगरपालिकाले एउटै निकायका पदाधिकारी मात्र संलग्न देहायका समिति गठन गरी बैठक भत्ता खर्च लेखेको हुँदा कानूनको उल्लघंन हुन गएको देखिएकाले उक्त रकम असुल हुनुपर्ने रु<br>
<table>
<tr><td>भौ.नं.मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१००।६।२८</td><td>कृषि तथा पशु पंक्षी बिकास समिति बैठक भत्ता</td><td>३८२५०</td></tr>
<tr><td></td><td>नगरस्तरीय कृषि समिति बैठक भत्ता</td><td>१९१२५</td></tr>
<tr><td></td><td>कृषि तथा पशु पंक्षी बिकास सम्बन्धि अभिमुखीकरण कर्यक्रमको बैठक भत्ता</td><td>२७२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८४५७५</td></tr>
</table></td><td>८४,५७५</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>मेशिनको बील कम पेश भएकोः<br>उपभोक्ता समिति मार्फत कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्तको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले निम्नानुसारका उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा घटी कर विजक पेश गरेकोमा पनि मूल्याँकनमा भए बराबरको रकम भुक्तानी गरेको देखिएको छ ।<br><br>क- मानेदोभान खानीडाँडा लङ्गाभञ्याङ मोटरबाटो निर्माण उपभोक्ता समिति वडा नं १ ले रु ८८७८१७ को कार्य गरेको देखिएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार मेशिनबाट ९६९०।४५ घ.मी. सबै प्रकारको माटो खन्ने कार्य गरेको भनि रु.७१९४१९। को मूल्याङ्कन भएकोमा निर्माण कार्यमा प्रयोग भएको कार्की सप्लायर्स पनौतीको मिति २०७८।२।५ को रु.५५०८०५। रकमको कर बीजक पेश भएको छ भने बाँकी रु.१६८५४४।रकमको बीजक पेश नभएकोले नियमावलीको प्रावधान अनुरुप कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकम वरावरको कर विजक पेश हुनुपर्नेमा घटी कर विजक पेश भएकोले उक्त रकम असुल हुनुपर्ने रु.<br><br>ख- चामखोला गोलडाँडा नयाँगााउ सडक उपभोक्ता समिति वडा नं ४ ले रु.९४०५९२। को कार्य गरेको देखिएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार मेशिनबाट ५२३।४।२७ घ.मी. नरम तथा सार्हो प्रकारको माटो खन्ने कार्य गरेको भनि रु.९४०५९२।३ को मूल्याङ्कन भएकोमा निर्माण कार्यमा प्रयोग भएको लोकन्थली सिद्धिकाली कन्स्ट्रक्सन प्रा लि लोकन्थलीको मिति २०७७।११।२१ को रु.८६४०४६।५९ रकमको कर बीजक पेश भएको छ भने बाँकी रु.७६४८३।रकमको बीजक पेश नभएकोले नियमावलीको प्रावधान अनुरुप कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकम वरावरको कर विजक पेश हुनुपर्नेमा घटी कर विजक पेश भएकोले उक्त रकम असुल हुनुपर्ने रु.<br><br>ग- बस्नेत गाउँ संसारी देखि उकालो ढलान कार्य उपभोक्ता समितिले रु.९७५०००। को कार्य गरेको देखिएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार मेशिनबाट ४०८।२१ घ.मी. सबै प्रकारको माटो खन्ने कार्य गरेको भनि रु.३०३०५।५१ को मूल्याङ्कन भएकोमा उक्त निर्माण कार्यमा प्रयोग भएको मेशिनको बील पेश नभएकोले नियमावलीको प्रावधान अनुरुप कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकम वरावरको कर विजक पेश हुनुपर्नेमा पेश भएकोले उक्त रकम असुल हुनुपर्ने रु.</td><td>२७५,३३२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **कामको नाँपजाँच र हस्तान्तरणः**<br>**कामको नाँपजाँच र हस्तान्तरणः** उपभोक्ता समितिबाट गरिएका कतिपय कार्यहरुमा स्वीकृत लागत अनुमान सँग बराबर नै हुनेगरी नापी किताव, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा कामको परिमाण राख्ने गरेबाट कामको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्बन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन । यसतर्फ नगरपालिकाले ध्यानदिनु पर्ने देखिन्छ ।<br>**अनुगमन समितिः** नगरपालिका उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरणसम्पन्न भएको कामको अवस्थाअनुगमन गरेको मितिअवधिदेखिएका कमि कमजोरी र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन । एक निश्चित फारममा समितिका एक वा दुइ जनाले हस्ताक्षर गरेर पेश गरेको फारमलाई अनुगमन प्रतिवेदन मानिएको छ।योजनाहरुमा उपप्रमुख लगायत अन्यले अनुगमन गरिएको भनि उपस्थिती जनाइ एक निश्चित फाराममा उल्लेख गरिएको भएतापनि क्वालिटि र क्वान्टिटी आदि सम्बन्धमा केही उल्लेख नगरेको कुनै पनि योजनामा फोटोहरु -कार्य भएको देखिने PRE or POST रहने गरेको छैन ।सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ । | |
| २७ | | | **आयकर तथा मूल्य अभिबृद्वि करः** | |
| २७.१ | | | उपभोक्तामार्फत हुने निर्माण तथा खरिदमा अग्रिम करः आयकर ऐन, २०५८को दफा ८८ र ८९ मा अग्रिम रुपमा कर कट्टी गरी दाखिला गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष उपभोक्ता समिति मार्फत कार्य गरी रकम भुक्तानी गरेकोमा पचास लाख भन्दा कम रकमको भुक्तानीमा अग्रिम कर कट्टी गरेको देखिएन । अतः भुक्तानी गर्दा नियमअनुसारको रकम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने देखिएको छ । | |
| २७.२ | | | मूल्य अभिवृद्धि कर नियमाबली २०५३ को नियम ६ ग बमोजिम ठेक्का सम्झौता वा करारमा आपूर्ति हुने बस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नाममा सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरिदिनु पर्ने व्यवस्था छ । नगरपालिकाले अधिकांश बिकास निर्माणको कार्यहरु उपभोक्ता समिति मार्फत गरेको र सोमा एक्साभेटर प्रयोग गरेको देखिएकोमा उक्त भुक्तानीमा दिएको मू अ करमा नियमानुसार दाखिला गर्नु पर्ने रकम दाखिला गरेको नदेखिएकोले यस्तो कार्यमा आगामी दिनमा सुधार गरि नियमानुसार कर कट्टी हुनु पर्दछ । | |
| २८ | | | **बढी डिजेल खर्चः**<br>बढी डिजेल खर्चः नगरपालिकाले सानागाउँ अल्वे भञ्याङ लुकुवा मोटरबाटो स्तरउन्नती उपभोक्ता समितलाई मोटरबाटो स्तरउन्नती कार्यका लागि रु.१५०००००। भुक्तानी गरेको छ । उक्त कार्यमा उपभोक्ताले ढुङ्गा छाप्ने काम ११३।०८ घ.मी तथा हाईड्रोलिक एक्साभेटर मेशिन प्रयोग गरी बाटो निर्माणको काम १६४८२।घ.मी गरको देखिएको छ । यसरी कार्य गर्दा मेशिन चलेको लगसिट संलग्न छैन।उपभोक्ताले हाईड्रोलिक एक्साभेटर मेशिन ३३८।५ घण्टा प्रयोग गरेको देखाइ बेथानचोक कन्सट्रक्सन एण्ड मल्टी प्रपोज कम्पनी प्रा लि को मिति २०७८।३।३ को मू.अ.कर बीजक संलग्न राखी रु.७६५०००। भुक्तानी लिएको छ।साथै जय अम्बे ट्रेडर्सको बिलबाट रु.४६००९४। मू .अ .कर समेत डिजेल खर्च भुक्तानी लिएको छ।सडक बिभागका महानिर्देशक श्री रबिन्द्र नाथ श्रेष्ठको अध्यक्षतामा मिति२०७५।१०।१८ गते बसेको बैठकको निर्णय अनुसार जिल्ला दररेटमा मेशिनहरुको भाडादर सडक बिभागले कायम गरेअनुसारको दरमा भुक्तानी गर्नु पर्ने उल्लेख छ।सोही बमोजिम नगरपालिकाले तयार गरेको आ ब २०७७।७८ को दरबिश्लेषणमा हाईड्रोलिक एक्साभेटर मेशिनले प्रति घण्टा ९ लिटर डिजेल खपत गर्ने उल्लेख छ।तर उक्त कार्य गर्नका लागि मेशिन ३३८।५ घण्टा चलेको र प्रति घण्टा १२।४८ लि का दरले भुक्तानी दिएको देखिएकोले प्रति घण्टा ३।४८ लि बढी खर्च लेखेको देखिएको छ । सोही बमोजिम काम भएको आघारमा ३३८।५ घण्टाको ११७८ लिटरको खरिदमा तिरेको प्रति लिटर रु.९६।३७ मू.अ.कर बाहेक का दरले रु.११३५७२। मा मू अ कर रु.१४७६४।थप गरी रु.१२८३३६।बढी भुक्तानी गरेकोले उक्त रकम सम्बन्धितबाट असूल हुनु रु.<br><br>सप्लायर्स \| डिजेल खरिद लीटर \| भुक्तानी रकम<br>जय अम्बे ट्रेडर्स \| ४२२५ \| ४६००९४ | १२८,३३६ |

| २९ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**जटिल संरचना निर्माण तथा हेभि ईक्वीपमेन्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| साना गाउ अल्छे भन्ज्यागं लुक्वा मोटरबाटो स्तरउन्नती उ.स | नयाँ टयाक निर्माण तथा सोलिगं | 1462500 | एस्काभेटर | 1223654 |
| पुष्पादेबी चम्पादेबी सडक निर्माण उ.स। | नया टयाक निर्माण तथा | 975000 | जेसीबी | 122837 |
| चिहान डाडा बाटो निर्माण उ.स | ग्याबिन जाली लगाउने कार्य | 1365000 | एस्काभेटर | 591334 |
| फुर्केसल्ला रोशी मोटरबाटो उ.स | ग्याबिन जाली लगाउने कार्य | 487500 | एस्काभेटर | 487500 |
| चौतारा मगरगाउ सडक उ.स | नयाँ ट्याक निर्माण तथा | 585500 | एस्काभेटर | 585500 |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| बिन्धवासीनी मन्दिर सामुदायिक पाटी निर्माण उ.स. | सिमेन्ट जोडाइ गारो छत ढलान | 487500 |
| गौखुरेश्वर महादेब मन्दिर निर्माण उ.स. | मन्दिर वाल तथा टस निर्माण | 975000 |
| मकैटार उकालो बाटो ढलान उ.स. | बाटो ढलान कार्य | 975000 |
| फापरचौर र च्यानडाडा घाटेपाटी निर्माण कार्य उ. | पाटी र ट्वाइलेट निर्माण कार्य | 975000 |
| सल्मिटार गुम्बा बल्थली सडक ढलान कार्य उ.स | बाटो ढलान तथा वाल निर्माण कार्य | 1950000 |
| फापर चौर बानडाडा कुखुरेटार पुछारी बौद बजार खानेपानी निर्माण कार्य | पानी ट्याँकी पाइप लाइन तथा धारा निर्माण | 1462500 |
| | | 1462000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | धारा चौर जग्गा ब्यवस्थापन तथा खेलकुद मैदान अधुरो निर्माण कार्य | पक्की कुला ट्रस,वाल,ड्राइलेट तथा घेराबार निर्माण कार्य | | | |
| | | | | स्वास्थ्य चौकी निर्माण पनौती २ दोस्रो चरण | स्वास्थ्य चौकी, वाल मैदान | 2532500 | | |
| ३० | | | **सामाग्री खरिद**<br>**सामाग्री खरिदको बीलः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्तको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले वडा नं ४ कार्यालय चिल्ड्रेन होम नाली निर्माण उपभोक्ता समितिलाई ब्रिक मेशिनरी वर्कको निर्माण कार्य गरेबापतको रकम भुक्तानी गरेकोमा उपभोक्ता समितिले काम सम्पन्न गरी अन्तिम भुक्तानीका लागि नगरपालिकाद्धारा नाँपजाच गरी कार्यसम्पन्न तथा कार्यस्वीकार प्रतिवेदन तयार गर्दा इँटाको काम ५६.५५ घ मी गरेकोमा नम्स अनुसार प्रति घ मी ५६० का दरले ३१६६८ गोटा इटा प्रयोग भएको हुनु पर्नेमा जागेश्वरी ईटा उद्योगबाट १५००० गोटा मात्र खरिद गरेको बील पेश भएकोले नपुग १६६६८ परिमाणमा सम्बन्धित अबधिको बील पेश नभएकोले उक्त भुक्तानीमा जिल्ला दररेट अनुसार प्रति गोटा रु १५ मू अ कर बाहेकको दरले हुने रु २५००२०। रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनु पर्ने रु. | | | | | २५०,०२० |
| ३१ | | | **बढी भुक्तानी**<br>**दर विश्लेषण भन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स बमोजीम र नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरि नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत गराई स्विकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले आ व २०७७।७८ का लागि तयार गरेको नम्स बमोजिमको दर विश्लेषण अनुसार देहायको कार्य गर्नका लागि निम्नअनुसारको दर कायम रहेकोमा भुक्तानी दिंदा दर फरक पारी भुक्तानी दिएकोले बढी दरमा भुक्तानी भएको रु.१७७८८२।रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनु पर्ने रु | | | | | १७७,८८२ |

| उपभोक्ता समिति | काम | परिमाण | दर बिष्लेषणमा भएको | भुक्तानी भएको | फरक दर | रकम |
|---|---|---|---|---|---|---|
| ओमशान्ति भवननरहरी सिंह मठ सम्मको सडक निर्माण उपभोक्ता समिति वडा नं १० | providing and laying of RR Masonary work in cement morter 1:6 in foundation | १२०।०३ | ८३२४।९५ | ९२४३।७६ | ९१८।८१ | ११०२८४। |
| कुशादेबी चम्पादेवी मोटरवाटो निर्माण उपभोक्ता समिति वडा नं २ | providing and laying of RR Masonary work in cement morter 1:6 in foundation | ७४।४१ | ८३२४।९५ | ९२३३।४१ | ९०८।४६ | ६७५९८। |
| जम्मा | | | | | | १७७८८२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>एउटै काम र स्थानमा दुई उपभोक्ता समिति<br>एउटै काम र स्थानमा दुई उपभोक्ता समिति: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउन सक्ने बिधि र प्रक्रियाका सम्वन्धमा व्यवस्थाहरु उल्लेख रहेको छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कतिपय योजनाहरुमा एउटै योजनामा एक भन्दा बढी उपभोक्ता समिति मार्फत समेत कार्य गराउने गरेको देखियो र एउटै योजनाको एउटै चेनेजमा एउटै आइटमका कार्यहरु फरक उपभोक्ता समिति मार्फत गराउदा काममा दोहोरोपाना हुन सक्ने समेत सम्भावना रहने देखिन्छ।यस प्रकार उपभोक्ता समितिसँग सम्झौता गरिने कार्यमा एउटै योजनामा एक भन्दा बढी उपभोक्ता समितिलाई संलग्न नगराउने, उपभोक्ता समिति मार्फत गराइने कार्य उपभोक्ता समितिले तेश्रो पक्षबाट गराउन नपाउने र तेश्रो पक्षबाट गराने कार्य उपभोक्ता समितिलाई दिननहुने र उपभोक्ता समितिले गर्ने कार्य स्थानीय श्रम र सीपमा आधारित रहनुपर्ने र मेशिनबाट गराउने कार्य उपभोक्ता मार्फत नभई कार्यालयले खरिदको लागी तोकिएको कानून विधि मार्फत प्रतिस्पर्धात्मक पद्तीबाट कार्यालय स्वंमले सम्झौता गरी कार्य गराउनु पर्ने देखिन्छ। यसमा सम्बद्ध पक्षको ध्यान जान आवश्यक छ। एउटै योजनामा एक भन्दा बढी उपभोक्ता समिति मार्फत कार्य गराएको केहि उदाहरण निम्न छन्ः
<table>
<tr><th>गो.भौ.नं.</th><th>उ.स.समिति अध्यक्ष</th><th>योजना/काम</th><th>चेजेज कार्य</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>४३५</td><td>भिम प्रसाद आचार्य</td><td>रातमाटे फेदी वाहुन गाउँ मोटरवाटो स्तरउन्नती</td><td>नखुलेको</td><td>९७५०००</td></tr>
<tr><td>३९०</td><td>रविचन्द्र आचार्य</td><td>रातमाटे वाहुनगाउँ मोटरवाटो स्तरउन्नती</td><td>नखुलेको</td><td>४०००००</td></tr>
<tr><td>२०९</td><td>भिमसेन घिमिरे</td><td>गौखुरेश्वर महादेब मन्दिर निर्माण</td><td>नखुलेको</td><td>१०००००</td></tr>
<tr><td>४००</td><td>भिमसेन घिमिरे</td><td>गौखुरेश्वर महादेब मन्दिर निर्माण</td><td>नखुलेको</td><td>५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>बढी भुक्तानीः<br>दर विश्लेषण भन्दा बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले रातमाटे बाहुन गाउँ मोटरबाटो स्तरउन्नती उपभोक्ता समितिलाई ग्याबिन जाली तथा मेशिनरी वाल लगाउने कार्यहरु गरेवापत मिति २०७७।१०।११ मा सम्झौता गरी रु.४७७५०००। भुक्तानी गरेकोमा आ व २०७७।७८ का लागि तयार गरेको नम्स बमोजिमको दर विश्लेषण अनुसार आईटम नं ७ को ग्याबिन जालीको कार्य गर्नका लागि प्रति घ मी रु.५४९४।१७ दर कायम रहेकोमा भुक्तानी दिंदा रु.५६५७।३९ का दरले भुक्तानी दिएकोले फरक दर रु.१६३।२१ ले भुक्तानी गरेको २४८ घ मी को रु.४०४७६। असूल गरी दाखिला हुनु पर्ने रु</td><td>४०,४७६</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>उपभोक्ता समितिलाइ भुक्तानी<br>सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि सम्बन्धी व्यबस्था छ । उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश सो समिति वा समुदाय आफैले तोकिएको समयमा काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने व्यबस्था छ । नगरपालिकाले शहिद पार्क निर्माण उपभोक्ता समिति वडा नं १ लाई बिभिन्न निर्माण कार्यका लागि मिति २०७७।११।४ मा सम्झौता गरी रु ४८७५०००। भुक्तानी गरेको छ । उक्त फाईल परीक्षण गर्दा शुरुको लागत अनुमानमा बुद्धको मूर्ति राख्ने योजना संलग्न नभएको तर मिति २०७८।३।२२ मा लागत अनुमान संसोधन गरेर प्राबिधिक मूल्यााकनको आईटम नं १० मा १५ फिट अग्लो फाईवरको बुद्धको मूर्ति राख्ने गरी लागत अनुमान स्वीकृति गरेको देखिएकोमा उक्त उपभोक्ताले कोटेशन माग गरी ऊँ सेरामिक्स मध्यपुर ४ कमेरेटारको पान बीलबाट २१ फिट अग्लो१० फिट चौडा र ८ फिट बाक्लो बुद्बको मूर्ती फाइबरबाट बनेको आसन सहितको भनि रु १९००००० भुक्तानी लगेको छ । उक्त मूर्ति बनाउनका लागि के कति सामाग्री तथा मानिस आबश्यक पर्ने हो सो सम्बन्धमा कार्यालयले लागत तयार गरी दर बिश्लेषण गरेको छैन । साथै यसरी एक प्रकारको कामका लागि भएको सम्झौतालाई कार्यालयले लागत अनुमान संसोधन गरी उपभोक्ताले दोश्रो पक्षबाट कार्य गराएको देखिएकोले उक्त कार्य सार्बजनिक खरिद नियमाबली बिपरित देखिएको रु</td><td>१,९००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>

**सामाग्री खरिदको बील**

खरिदको बील पेश नभएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्तको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले सेतीदेवी पिकनिक स्पटमा निर्माणका लागि सेतीदेवी पिकनिक स्पट उपभोक्ता समितिलाई सम्झौता गरी रु २८२९०००। भुक्तानी गरेको छ । उक्त भुक्तानी परीक्षण गर्दा निम्नअनुसारको परिमाण र दरमा कार्य गरेको भनि दोहयको रकम भुक्तानी गरेकोमा उक्त सामाग्री खरिद गरेको बील पेश नभएकोले बील पेश हुनु पर्ने रु

<table>
<tr><th>आईटम नं</th><th>कामको बिबरण</th><th>परिमाण</th><th>भुक्तानी दर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७</td><td>कार्पेट दुबो बिच्छ्याउने कार्य श्रमिकको ज्याला बाहेक</td><td>३६८० स्क्वार फीट</td><td>५६।५</td><td>२०७९२०</td></tr>
<tr><td>८</td><td>७ मिटरको बत्ति बाल्ने पोल</td><td>५ पीस</td><td>१३६२४।४१</td><td>६८१२२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२७६०४२</td></tr>
</table>

</td><td>२७६,०४२</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>

**फरक शीर्षकमा भुक्तानीः**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ४३ -३_ अनुसार बजेट शीर्षक अन्तर्गतको रकम खर्च गर्दा पर्याप्त र मनासिब कारण बेगर रकमान्तर सम्बन्धि प्रक्रिया पूरा नगरी खर्च गरेकोमा चालु बजेटको सम्बन्धमा सम्बन्धित सचिवले र पूँजीगत बजेटको सम्बन्धमा सम्बन्धित सचिवको सिफारीसमा अर्थ मन्त्रालयले मनासिव देखेमा रकमान्तर वा श्रोतान्तर गरी नियमित गरिदिन सक्नेछ भन्ने व्यवस्था रहेको छ। नगरपालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालुतर्फबाट रु ५००००० लाख तथा नगरपालिका चालु बजेट शीर्षकबाट ९९६३३२। रकममा १२ थान सोलार बत्ति र ८ थान सि सि टि भि खरिद तथा जडानका कार्यका लागि मिति २०७८।३ ११ मा सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरी २०७८।३।२९ मा सम्झौता गरी २०७८।३।३० मा कार्य सम्पन्न भएको भनि त्रिजल टेक्नोलोजी ट्रेड प्रा लि बालाजुलाई सम्झौता बमोजिम रु १७९६३३६। मू अ कर समेत भुक्तानी गरेको देखिएको छ । उक्त सोलार बत्तीहरु र सि सि टि भि जडान कुन कुन स्थानमा जडान भएको हो सो को बिबरण संलग्न छैन । साथै उक्त ट्रेड प्रा लि ले सोलार बत्ति र सि सि टि भि जडान कार्य १ दिनमानै सम्पन्न भएको देखाएको उचित देखिएन । यसरी ट्रेड प्रा लि लाई भुक्तानी गरको रकम मध्ये नीतिगत प्रशासनिक तथा व्यबस्थापन खर्च शीर्षकको रु १००००० तथा बायोग्याँस जडान र सुधारिएको चुलो बायोमास प्रबिधि जडान शीर्षकबाट रु ४००००० गरी रु ५००००० खर्च लेखेको देखिएकोमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा प्राप्त उक्त रकम नियमाबलीमा भएको व्यबस्था अनुसारको रकमान्तर तथा श्रोतान्तर नगरी खर्च लेखेको देखिएकोले अनियमित देखिएको रु

</td><td>५००,०००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**सोझै खरिदः**

सोझै खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु ५ लाखभन्दा माथि रु२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा सोझै ३ वटासंग दर माग गरी खरिद पटक पटक खरिद गरेको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी छुट्टा छुट्टै रुपमा खरिद गर्ने गरिएको छ । जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन। यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । नगरपालिकाले यस बर्ष सो नगरी बिभिन्न फर्महरुबाट पटक पटक रु १०००००० को मसलन्द तथा कार्यालय सामान, रु१९४८३७९ को पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च तथा ३२४२०९५ को मेशिनरी औजार तथा फर्निचरहरु सिधै खरिद गरेको देखिएको छ । यसरी पटक पटक सीमाभन्दा वढीको खरिद भएको देखिएकोमा बोलपत्र तथा दरभाउपत्र छल्ने उद्वेश्य राखी पटक–पटक सोझै विधिबाट गरेको खरिद कार्य न्युन गरी ऐन नियमको परिधिभित्र रहेर खरिद प्रकिया वढाउनुपर्ने देखिन्छ ।<br><br>**डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br>क्र सं \| कार्यक्रमको नाम \| परामर्शदाता \| खर्च रकम<br>१ \| पनौती नगरपालिका वडा नं १२ मा रहेको मोटरेबल पुलको डिपिआर तयारी कार्य \| चन्दननाथ डिजाईन एशोसिएट्स प्रा.लि \| ४९०४२०<br>२ \| त्रिवेणीघाट संकटास्थान थापागाउँ खत्रीगाउँ जुगुगाउँ मयलबोट सडकको डिपिआर तयारी कार्य \| युनिभर्सल रिसर्च एण्ड डेभलपमेण्ट प्रा.लि. \| २९२६७०<br>३ \| कार्यालय क्वाटर र स्टोर भवनको डिपिआर तयारी कार्य \| साप कन्सल्टेन्सी प्रा.लि \| ३४९७३५<br>४ \| कामिडाँडा चोक देखि कोलभन्ज्याङ्ग हुँदै टोड्के सडकको डिपिआर तयारी कार्य \| रुलर एण्ड अर्बान डेभमेन्ट प्लानर्स कन्सल्टिङ्ग \| ३६७२५०<br>५ \| बोक्सेदह घिमिरेगाउँ घ्याल्कु आशापुरी सडकको डिपिआर तयारी कार्य \| हेबाईल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि \| ४५२०००<br>६ \| त्रीवेणीघाट खोपासी रोशीखोला कोरिडोर योजनाको डिपिआर तयारी कार्य \| म्याक्स कन्सल्टेन्ट नेपाल प्रा.लि \| ३७८२६७<br>७ \| पुण्यमाता खोला सडक पुल पञ्चेको बगैंचाको डिपिआर तयारी कार्य \| नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी \| ९९४४००<br>\| \| जम्मा \| ३३२४७४२<br><br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु के कति कार्यान्वयनमा गए सो को समेत अभिलेख अद्याबधिक भएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ३८ | | | **सशर्त शिक्षातर्फः** | |
| ३८.१ | | २०७८-१०-५ | **सियुजी सेवा मार्फत सिकाई सहजिकरण कार्यक्रमः**सियुजी सेवा मार्फत सिकाई सहजिकरण कार्यक्रमका लागि विभिन्न विद्यालयहरुलाई फोन मार्फत विद्यार्थीसँग सम्पर्क खर्च भनि प्रति विद्यार्थि रु. १२५ का दरले ३ महिनाको कुल रु. २८१७३२५ रकम निकासा भएकोमा टेलीकमको बिल, विद्यार्थिलाई वितरणको भरपाई, विद्यार्थिको सङख्या खुल्ने प्रमाण र सो को अनुगमन प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ। | ४,११७,३२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८.२</td><td></td><td>२०७८-१०-६</td><td>विद्यार्थीसंख्या भन्दा बढी सहयोगी कार्यकर्ताः प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संसोधन २०७५ बमोजिम न्युनतम २५ जना बालवालिका वरावर एक जना वालसहयोगी कार्यकर्ता(वाल शिक्षक) हुनुपर्ने व्यवस्था छ । तर पालिकामा सञ्चालित देहायका बालविकास केन्द्रहरुमा २५ जनाभन्दा कम बालवालिका रहेका विद्यालयहरुमा पनि २ जना बालशिक्षक राखी संघ ससर्त अनुदानबाट प्रति वालशिक्षक रु.७८०००/- र प्रदेश सरकारबाट रु.१३०००/- र पालिकाबाट रु.३००००/- गरी भुक्तानी दिई थप व्यभार पारेको रकम अनियमित देखिएको रु<br>
<table>
<tr><th>विद्यालय</th><th>विद्यार्थी</th><th>आवश्यक बिल शिक्षक</th><th>नियुक्त बालशिक्षक</th><th>बढी बाल शिक्षक</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>लडकेश्वर आवि</td><td>१२</td><td>१</td><td>२</td><td>१</td><td>१२१०००</td></tr>
<tr><td>फुल्चोकि आवि</td><td>१२</td><td>१</td><td>२</td><td>१</td><td>१२१०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२४२०००</td></tr>
</table></td><td>२४२,०००</td></tr>
<tr><td>३९</td><td></td><td>२०७८-१०-६</td><td>शिक्षक दरबन्दी र पदपूर्ती<br>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठन पाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरु रहेकोमा तलबी प्रतिवेदन पारीत नभएकोले तलब तथा ग्रेडको रकम यकिन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>स्वास्थ्यतर्फः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४०.१ | २० | २०७७-७-२६ | **तलब तथा ग्रेडः** निजामती सेवा ऐन २०४९ को दफा ७(ख) २० अनुसार उपत्यका भित्रका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन निजामती किताबखानाबाट पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्ने छ। यस्तै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६\५\१८ को पत्रबाट स्थानिय तहका कर्मचारी र संघबाट स्थानिय तहमा खटिएका कर्मचारीहरुको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्न परिपत्र गरेको भएतापनि यस नगरपालिकामा कार्यरत स्वास्थ्य सेवातर्फका स्थाई कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरि पालिकाले आ.व २०७७\७८ मा तलब र ग्रेडको रकम भुक्तानी गरेको देखिन्छ।तलबी प्रतिवेदन पारीत नभएको हुदा कर्मचारीहरुलाई के कति दर र संख्यामा ग्रेड बापत खर्च लेखेको हो यकिन गर्न सकिएन।त्यसैले नियमानुसार तलबी प्रतिवेदन पारित गराएर मात्र तलब र ग्रेड बापत खर्च लेख्नुपर्दछ। | |
| ४०.२ | १५ | २०७७-१२-२४ | **पोशाक खर्चः** एक विद्यालय एक नर्स कार्यविधिको अनुसुचि ४ मा करार सम्झौता छ महिना पुरा भएपछि मात्र पोशाक खर्च भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा गो.भौ.नं. १५ मिति २०७७\१२\२४ मा प्रमिला भण्डारी तथा जेनिसा लामालाई छ महिना नपुग्दै १०००० को दरले पोशाक खर्च भुक्तानी गरेकोले उक्त भुक्तानी रकम नियम संगत देखिएन । | २०,००० |
| ४०.३ | | २०७८-१०-७ | **औषधि व्यवस्थापनः**पूर्ति हुने सबै औषधिमा डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको।<br><br>औषधि प्राप्ति, वितरण र मौज्दातको अभिलेख अद्यावधिक गर्नको लागि ELMIS रहेको छ।<br><br>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।<br><br>**आवास सुविधाः** आवास सुविधाका सम्बन्धमा कुनै व्यवस्था नभएकोमा अ.न.मी रमा भण्डारी रिमाल तथा कन्चना हुमागाईलाई आवास सुविधा वापत रु.३००० को दरले तीन महिनाको १८००० भुक्तानि गरेकोले उक्त रकम भुक्तानि हुने आधार नदेखिएकोले असुल हुनुपर्दछ। | १८,००० |
| ४१ | | | **सामाजिक सुरक्षा कार्यक्रमतर्फ** | |
| ४१.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि २०७५ को परिच्छेद ३ को दफा १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले कार्यविधिमा उल्लेख भएबमोजिमको लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राखेको छैन । कार्यविधिमा व्यवस्था भएबमोजिमको अभिलेख राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.२ | | | **बैंकिङ कारोबारः** नगरपालिकाले बैकिङ सुविधा उपलब्ध भएतापनि विभिन्न १२ वटा वडाहरुमा पहुँच सहज नभएको कारण देखाई २०७८ आषाढ मसान्त सम्म सामाजिक सुरक्षाको रकम बैक खातामार्फत वितरण नगरी सम्बन्धित वडा सचिवलाई पेश्की दिइ हातहातै वितरण गरेको छ। बैक सुविधा नपुगेको ठाउँहरुमा बैक स्थापना गरी बैक खाता मार्फत भत्ता वितरण गर्ने र सुविधा भएको स्थानमा खाता खोल्न लगाई लाभग्राहीको खातामार्फत नै भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ।तर पालिकाले बैकिङ्ग प्रणाली लागु नगरेकोले के कति रकम सामाजिक सुरक्षामा खर्च भएको हो र सम्बन्धित लाभग्राहीले नै प्राप्त गरेको हो वा होईन भन्ने कुरा यकिन गर्न सकिएन।<br><br>**पारदर्शिता कायमः** सामाजिकसुरक्षा कार्यक्रम सन्चालन कार्यविधि २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने, स्थानीय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइडमाराख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेकोपाइएन। कार्यविधमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रममा पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ। | |
| ४२ | | | **अनियमित देखिएको खर्चः** | |
| ४२.१ | | | समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकहरुलाई वित्तीय समानीकरण अनुदानबाट रु.४०३९०८६। तलब भत्ता भुक्तानी गरेको देखिएको छ।। | |
| ४२.२ | | | म.ले.प.फा.नं २२१ वेगरको खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) अनुसार चालू वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सिंजना गर्न हुंदैन। विशेष कारण एवं परिस्थितिमा उपनियम (८) मा उल्लिखित खर्च शीर्षकहरूमा चालू वर्षको बजेटले नखामेको खर्च व्हहोर्नु पर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयलबाट प्रमाणित म.ले.प.फा.नं.२२१ फाराम भरी राखेर मात्र भुक्तानी दिनुपर्नेमा नगरपालिकाले सो वेगर देहायका भौ नं र मितिबाट देहायको रकम रु ४१२७०४। खर्च लेखेकोमा नियमावलीमा भएको व्यबस्था बमोजिमको प्रमाणित म.ले.प.फा. नराखी भुक्तानी दिएकोले अनियमित देखिएको रु.<br><br>भौ नं मिति / भुक्तानी रकम / खर्च व्यहोरा<br>६।२०७७।४।२९ / २६६३०४ / एड क्रियु मिडिया प्रा लि लाई वातावरणीय सरसफाई जनचेतना जागरण भुक्तानी<br>९३।२०७७।६।२८ / १४६४०० / ३ जना सवारी चालकहरुलाइ लाई २०७६ चैत्र ११ देखि २०७७ आषाढ सम्मको तलब भुक्तानी<br>जम्मा / ४१२७०४ / | ४१२,७०४ |
| ४३ | | | **बढी खरिदः**<br>**बढी खरिदः** नगरपालिकाले अ छैटौं लिलानाथ सापकोटाले पाडी थोरे बितरण कार्यक्रम अन्तर्गत लिएको पेश्की रु ७०००००० फर्छ्यौट गर्दा लागत सहभागितामा खरिद गरेका ५०६ पाडी थोरे प्राप्त गर्ने किसानका लागि प्रति किसान१ वटाका दरले ५०६ वटा पाडा पाउने कृषक बिबरण अंकित बोर्ड खरिद गर्नु पर्नेमा ६०६ वटा प्रतिथान रु.२९९।४५ का दरले खरिद गरेको भनि भुक्तानी लिएको देखिएकोले खरिद भएको पाडी थोरे भन्दा १०० वटा बढी कृषक बिबरण अंकित बोर्ड खरिद गरेको देखिएकोलेमा स्टोरमा मौज्दात देखिएकोले बितरणको प्रमाण पेश हुनु पर्ने रु. | २९,९४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **खर्चको प्रमाणः** | |
| ४४.१ | | | आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९ -५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था छ । नगरपालिकाले सामुदियक बीमा अनुदान कार्यक्रम अन्तर्गत निम्नानुसारका कृषि सहकारी संस्थालाइ बीमाका लागि रकम उपलब्ध गराएकोमा उक्त सहकारी संस्थाहरुले पशुधनको बीमा गरेको प्रमाण पेश नभएको रु. | १,५००,००० |
| ४४.२ | | | आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९ -५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था छ । नगरपालिकाले चालु शीर्षकबाट स्वास्थ्य संस्था संचालन अनुदान तथा स्थानीय कर्मचारी व्यबस्थापन शीर्षकमा देहायका स्वास्थ्य संस्थालाइ निम्नानुसारको रु ४३४१८०। रकम उपलब्ध गराएकोमा खर्चका बील भरपाई लेखापरीक्षणमा पेश नभएको रु | ४३४,१८० |

(४४.१ को तालिका)

| कृषि सहकारी संस्था | रकम |
|---|---|
| श्री कुशादेबी पशुधन सूरक्षण बीमा अनुदान | १०००००० |
| रयाले पशुधन पशुधन सूरक्षण बीमा अनुदान | ३००००० |
| कलाँती भूमिडाँडा साना किसान कृषि सहकारी संस्था | २००००० |
| जम्मा | १५००००० |

(४४.२ को तालिका)

| क्र सं | स्वास्थ्य संस्था | भुक्तानी रकम |
|---|---|---|
| १ | रयाले स्वास्थ्य चौकी | ५०००० |
| २ | सुन्थान स्वास्थ्य चौकी | १००००० |
| ३ | पनौती स्वास्थ्य चौकी | ३४१८० |
| ४ | मल्पी स्वास्थ्य चौकी | ५०००० |
| ५ | खोपासी स्वास्थ्य चौकी | १५०००० |
| ६ | सुब्बा गाउँ शहरी स्वास्थ्य केन्द्र | २५००० |
| ७ | दलिनचोक शहरी स्वास्थ्य केन्द्र | २५००० |
| जम्मा | | ४३४१८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४५ | | | **बढी खर्च लेखेको**<br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९ -५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था छ । नगरपालिकाले निम्नानुसारको रकम भुक्तानी गरेकोमा खर्चका प्रमाण पेश नभएको ।<br><br>१ भैंसी सुत्केरी भत्ताः नगरपालिकाले यस बर्ष पशु सेवा सम्बन्धित कार्यक्रम शीर्षकबाट भैंसी सुत्केरी भत्ता खर्च शीर्षकमा प्रति भैंसी सुत्केरी भत्ता पहिलो बेतेको लागि रु.५००० तथा दोश्रो तथा अन्यको लागि रु.२००० का दरले रु.१५०००००।रकम कृषकहरुलाई भुक्तानी दिएको देखिएको छ।जसको परीक्षण गर्दा वडा नं १२ मा पेश भएको बील भरपाई भन्दा बढी खर्च रु १४०००। लेखेको देखिएकोले उक्त रकम असूल हुनु पर्ने रु<br>२ घाँसको बिऊ खरिदः नगरपालिकाले भौ नं ९२।२०७७।७।२६ पशुपंक्षीको आहार शीर्षकमा जै घाँसको बिऊ ५५०० के जी फूलचोकी बहुउद्देश्यीय नमूना नर्सरी काभ्रेबाट खरिद गरी रु३८५०००। भुक्तानी दिएकोमा उक्त खरिदको भरपाई परीक्षण गर्दा४७३६ केजी मात्र बितरण गरेकोले बाँकी ७६४ के जी बितरण गरेको बिल भरपाइ पेश नभएकोले प्रमाण पेश नभएको ७६४ के जी को प्रति के जी रु ७० का दरले रु ५३४८० रकम असूल हुनु पर्ने रु | ६७,४८० |
| ४६ | | | **बढी भुक्तानीः** | |
| ४६.१ | | २०७८-२-६ | **बढी भुक्तानीः** नेपालको संविधानको धारा २१७ मा तिन सदस्यीय न्यायिक समितिको व्यवस्था छ।पालिकाले न्यायिक समितिको बैठक वापत चार जना सदस्यलाई मात्र बैठक भत्ता उपलब्ध गराउनु पर्नेमा देहाय बमोजिम समिति भन्दा बाहिरका व्यक्तिहरुलाई पनि भत्ता भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनु पर्दछः | ७७,५२० |

| क्रम संख्या | नाम | बैठक भत्ता | प्रति बैठक दर | जम्मा रकम | कर कट्टी १५% | खुद भुक्तानी |
| --- | --- | --- | --- | --- | --- | --- |
| १ | ईन्द्र प्रसाद अधिकारी | १६ | १२०० | १९२०० | २८८० | १६३२० |
| २ | प्रदिप सापकोटा | ३० | १२०० | ३६००० | ५४०० | ३०६०० |
| ३ | रमेश थापा | ३० | १२०० | ३६००० | ५४०० | ३०६०० |
| **जम्मा** | | | | | | **७७५२०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४६.२ | | | **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पनौती नगरपालीका अन्तर्गत वडा नम्वर १२ ले आर्थिक तथा सामाजिक सहायता प्रयोजनको लागि क्यान्सर, मुटु रोगि, मृगौला पिडित र विपदमा परेका विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.४५००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **ठेक्का व्यवस्थापन**<br>**पूँजीगत खर्च तर्फः** नगरपालिकाको उपलव्ध गराएको विबरण अनुसार योवर्ष गरेको पूंजीगत खर्च रु.५२५८६५७८४। को परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>**ठेक्का व्यवस्थापन र ठेक्का भुक्तानीः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष वोलपत्रको माध्यामबाट रु ३८ करोड ५२ लाख १२ हजारका २९ वटा ठेक्का सम्झौता गरेकोमा दोश्रो चौमासिकमा ७ वटा र तेश्रो चौमासिकमा ८ वटा वोलपत्र आव्हान गरेको छ ।सम्झौता बमोजिम यस बर्ष बिभिन्न निर्माण व्यबशायीलाई रु२३ करोड ७७ लाख ९७ हजार भुक्तानी भएको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पुर्ण कार्य प्रथम चौमासिमा गर्नु पर्नेमा सो बमोजिम गरेको पाइएन । यसरी खरिद नियमावलीले तोकेको चौमासिकमा ठेक्का व्यवस्था नगर्दा समयमा काम हुन सकेको छैन । ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालना गर्नुपर्ने देखिन्छ । | |
| ४८ | | | **नमूना बिद्यालय निर्माण सुधार**<br>नमूना बिद्यालय निर्माण सुधारः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं ११।१।२।१ को बुँदा नं ८।५ मा विद्यालयको भौतिक निर्माण कार्य गर्दा खरिद दिग्दर्शन, सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रही निर्माण कार्य सञ्चालन गर्ने उल्लेख रहेको छ । सो अनुरुप भौतिक निर्माणको लागी प्रति विद्यालय रु.१,५०,००,००० उपलब्ध गराउने उल्लेख छ । जसअनुसार स्थानीय तह अन्तर्गतका बिद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्ना प्राबिधिक मार्फत सुपरिवेक्षण गराउने र कार्य सम्पादन प्रतिबेदन तयार गर्ने र विद्यालयले सार्वजनिक निर्माण कार्य गर्दा खरिद दिग्दर्शन, सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्नु पर्ने उल्लेख छ ।यसै गरि भौतिक निर्माण तथा शैक्षिक विकासको नियमित अनुगमन गरि सो को प्रतिवेदन स्थानिय तह तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा उपलब्ध गराउनु पर्ने उल्लेख छ। निर्माण सम्पन्न भएका विद्यालयका नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ।त्यसैगरी संघिय सरकारबाट निकासा भएको शर्शत अनुदानको रकम सोही बर्षमा खर्च हुन नसके बाँकी रहेको रकम आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन र नियमावली २०७७ अनुसार संघिय सरकारमा फिर्ता गर्नु पर्दछ । सम्वन्धित बर्षमा सम्पन्न गर्न नसकिने निर्माण कार्य गर्दा संघिय सरकारबाट नियमानुसार बहुबर्षिय स्वीकृती लिएर मात्र त्यस्तो निर्माण कार्य गराउनु पर्दछ । यस नगरपालिकाले नमुना विद्यालयका रुपमा भालेश्वर मा वि लाई रु.१,५०,००,००० उपलब्ध गराएकोमा निर्माण कार्यको रु १९४७२१६१।१३ मू अ कर समेतको लागत अनुमान तयारी कार्य सम्बन्धित बिद्यालयबाटनै भएको देखिएको छ । सो पश्चात नगरपालिकाले ठेक्काको सूचना प्रकाशन गरी ई बिडिङ मार्फत बोलपत्र आब्हान गरी लागत अनुमानको तुलनामा ४०.५८ प्रतिशत कम कबोल गर्ने नेपाल युवा बिल्डर्सको कबोल अंक रु ११३११६२३।२५ मू अ कर समेतको रकममा मिति २०७७।११।१५ मा सम्झौता गरी आर्थिक बर्ष २०७७।७८ मा रु ४०९०४११। भुक्तानी गरेको छ, भने लेखापरीक्षण अबधि २०७८।१०।१ ०सम्ममा कार्य सम्पन्न भई सम्पूर्ण रकम भुक्तानी भएको कार्यालयले जनाएको छ । उक्त निर्माण कार्यको संघिय योजना आयोग र अर्थ मन्त्रालयबाट बहुबर्षिय स्वीकृती लिएको नदेखिएकोले लिनु पर्ने देखिन्छ । साथै उक्त कार्यमा निर्माण व्यबशायीलाई भुक्तानीका लागि नगरपालिकाले रु६९८४४८४।रकम आफ्नो संचितकोष खातामा रकम ट्रान्सफर गरी आर्थिक बर्ष २०७८।७९ मा भुक्तानी गरेको जनाएको छ । उक्त ठेक्काबाट बचत रहेको रकम रु.३२४७०००। बिद्यालयको खातामा दाखिला गरेको देखिएकोले सम्वन्धित वर्षमा खर्च हुन नसकेको उक्त बचत रकम संघिय खातामा फिर्ता दाखिला हुनु पर्ने रु | ३,२४७,००० |
| ४९ | | | **दोहोरो मू अ कर भुक्तानी**<br>दोहोरो मू अ कर भुक्तानीः नगरपालिकाको भवनमा तला थप गर्ने कार्यका लागि राज कन्स्ट्रक्सन संग मिति २०७७।३।४ मा रु.५८२०५५५।४३ मू अ कर समेतमा सम्झौता गरी कार्य गराएको छ । जसको अन्तिम भुक्तानी परीक्षण गर्दा प्रोभिजनल सममा उल्लेख भएको रु.२७५०००। रकममा मूअ कर थप गरेरनै लागत अनुमान तयार भैसकेको देखिएकोमा अन्तिम बिल भुक्तानी गर्दा उक्त कार्यको १ आइटममा पुनः रु.६५००।मू अ कर थप गरी भुक्तानी गरेको देखिएकोले दोहोरो परेको देखिएको छ । उक्त दोहोरो परेको रकम असूल हुनु पर्ने देखिएको रु. | ६,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **भेरियसनबाट भुक्तानी**<br>भेरीएशनबाट थप कार्यादेशः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको ड्रइङ्ग/डिजाइन तथा लागत अनुमान तयार गरी नियम १४ मा स्वीकृति गराउनुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितीमा कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएशन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आ.व.२०७७।७८ मा लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट २०७८।८।२१ मा गुच्छेकाली कन्स्ट्रक्सन संग सम्झौता गरी खरिद कार्य प्रारम्भ भएको छ । उक्त निर्माण कार्य शुरु भई प्रथम विल भुक्तानीको समयमा नै आईटम नं २ को ड्रेनको कार्य फुटपाथको काम ह्युम पाइपको काम तथा पिसिसि तथा आर सि सि र रिटेनिङ वालको काममा थप घट गर्नुपर्ने कारण उल्लेख गरी भेरीएशन आदेश जारी गरेको छ । यसरी प्रथम बिल भुक्तानीमानै भेरीएशन आदेश जारी गर्नुपर्ने अवस्थाको सिर्जना भएकाले शुरुको डिजाइन र लागत अनुमान भरपर्दो छ भन्न सकिने अवस्था देखिएन । अतः निर्माण कार्यको लागत अनुमानमा त्रुटी गर्ने प्राविधिक कर्मचारीलाई प्रत्यक्षत कानूनी दायरामा ल्याउनु पर्दछ र भेरीएशन आदेश कै कारण पालिकालाई थप रु.1797454 थप व्ययभार परेकाले भेरिएशनमा सिफारिस तथा स्वीकृत दिने कार्यकारीले प्रष्ट पार्नुपर्दछ । | |
| ५१ | | | अनुगमन तथा सम्परीक्षण<br><br>**सम्परीक्षण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयबाट यो वर्ष देहायबमोजिम रु५३४९८२७।०० बेरुजू फर्छ्यौट गरी सम्परीक्षणका लागि पेश भएकोमा प्रमाण कागजातका आधारमा सम्परीक्षण भएको छ । | |

<table>
<tr><td>आर्थिक बर्ष</td><td>बेरुजू दफ नं</td><td colspan="4">फछ्र्यौटको ब्यहोरा</td><td>रकम रु</td></tr>
<tr><td>२०७३।७४</td><td></td><td colspan="4"></td><td></td></tr>
<tr><td></td><td>२२</td><td colspan="4">पेश्की बेरुजु मध्ये निम्न उ.स. र निर्माण व्यवसायीबाट बेरुजु रकम दाखीला तथा प्रमाण कागजातका आधारमा निम्न पेश्की बेरुजु फछ्र्यौटको प्रमाण पेश हुन आएको रु</td><td></td></tr>
<tr><td></td><td></td><td>पेश्की विवरण</td><td>पेश्की लिने</td><td>जम्मा पेश्की रकम</td><td>दाखिला भौचर नं. र मिति</td><td></td></tr>
<tr><td></td><td></td><td>उ.स.</td><td>श्री दामोदर अधिकारी</td><td>6000</td><td>८।२०७८।८।२६</td><td></td></tr>
<tr><td></td><td></td><td>नि.व्यवसायी</td><td>श्री जोशि निर्माण सेवा</td><td>430000</td><td>दफा नं. १५मा समेत कायम भएकोले दोहोरो परेको</td><td></td></tr>
<tr><td></td><td></td><td colspan="2">जम्मा</td><td>436000</td><td></td><td>४३६०००</td></tr>
<tr><td></td><td>३५</td><td colspan="4">पेश्की बेरुजु मध्ये निम्न उ.स. र निर्माण व्यवसायीबाट बेरुजु रकम दाखीला तथा प्रमाण कागजात पेश हुन आएको रु</td><td>३५०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पेश्की विवरण | पेश्की लिने | जम्मा पेश्की रकम | दाखिला.भौचर नं. र मिति | | | |
| | | | | | | उ.स. | श्री सूर्य बहादुर तामाङ्ग | 25000 | ९।२०७७।११।१३ | | | |
| | | | | | | उ.स. | श्री विनोद गिरी | 10000 | २९।२०७८।३।०४ | | | |
| | | | | | | जम्मा | | 35000 | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | ४० | पेश्की बेरुजु मध्ये निम्न कार्यालय सहायक श्री राजेन्द्र हुमागाईले तोकिएको कार्यका लागि लिएको पेश्कीबाट निर्माण कार्य लगायत अन्य कार्यालयको कार्यहरु सम्पन्न गरी बिल भर्पाइ, नापी तथा मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन पेश हुन आएकोले | | | | ४२५००० | | |
| | | | | | | पेश्की विवरण | पेश्की लिने | जम्मा पेश्की रकम | | | | |
| | | | | | | कार्यालय सहायक | श्री राजेन्द्र हुमागाई | 425000 | | | | |
| | | | | | | जम्मा | | 425000 | | | | |
| | | | | | | | | | | | | |
| | | | | | ४० | पेश्की बेरुजु मध्ये निम्न उ.स.बाट बेरुजु रकम दाखीला तथा प्रमाण कागजात पेश हुन आएको | | | | ३५००० | | |
| | | | | | | पेश्की विवरण | पेश्की लिने | पेश्की रकम | दा.भौचर नं. र मिति | | | |
| | | | | | | उ.स. | श्री जयराम के.सी. | 35000 | १३।०७८।१०।२१ | | | |
| | | | | | | जम्मा | | 35000 | | | | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ ब २०७५।७६ | ६.४ | बेरुजु रकम रु.१०५२७४।– सम्बन्धीत उपभोक्ता समितिलाई आर्थिक वर्ष २०७७।७८ मा भुक्तानी गरिएको बिल रकमबाट मिति ५१६।।२०७८।३।२८ मा कट्टी गरी असुल रकम आन्तरिक राजस्व खातामा मिति २०७८।३।३१ मा दाखीला गरि सो को आम्दानी जनाईएको ३६ नं. गोश्वारा भौचरको छायाँकपी समेत यसैसाथ पेश गरिएको हुँदा सोही प्रमाणको आधारमा उक्त फछ्र्योट बेरुजु रकम सम्परीक्षण गरिदिनुहुन अनुरोध गरिएको रु. | | | | १०५२७४ | | |
| | | | | | ७.२ | वडा नं ८ र वडा नं. ९ बाट बेरुजु रकम दाखीला गरि क्रमशः भौ.नं. ३१।२०७८।०३।११ र १।२०७८।४।११ बाट आन्तरिक राजस्व खातामा आम्दानी जनाएको गोश्वारा भौचर समेत संलग्न गरि पेश भएको रु | | | | ६७७०० | | |
| | | | | | | गो.भौ.÷ मिति | विवरण | कट्टी रकम | | | | |
| | | | | | | ३१।२०७८।३।११ | वडा नं. ८ को बेरुजु रकम | 32000 | | | | |
| | | | | | | १।२०७८।४।११ | वडा नं. ९ को बेरुजु रकम | 35700 | | | | |
| | | | | | | | जम्मा | 67700 | | | | |
| | | | | | ७.५ | वडा नं. ८ बाट रु. २६४०। संचित कोषमा मिति २०७८।१।०९ मा दाखीला गरिएको २१३०५२२८ को राजश्व जम्मा गरेको भौचर पेश भएको रु | | | | २६४० | | |
| | | | | | | मिति | विवरण | कट्टी रकम | कैफियत | | | |
| | | | | | | २०७८।१।०९ | वडा नं. ८ को बेरुजु रकम | 2640 | रा.भौ.नं. 21305228 | | | |
| | | | | | | | जम्मा | 2640 | | | | |
| | | | | | १३.५ | सटर भाडा वापतको आ.व.२०७६।७७ सम्मको बांकी बक्यौता समेतको रकम निम्न रसिदहरुबाट असुल भई आएको रु | | | | २२१३६० | | |
| | | | | | | नाम | रकम | | | | | |
| | | | | | | राजकुमार श्रेष्ठ | 91760 | | | | | |
| | | | | | | शिव कुमार प्रधान | 129600 | | | | | |
| | | | | | | जम्मा रु. | 221360 | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आ ब २०७६।७७ | २२ | सटर भाडा वापतको आ.व.२०७७।७८ सम्मको बांकी बक्यौता समेतको रकम निम्न रसिदहरुबाट असुल भएको प्रमाण पेश भएको रु | | | | २३३५७९ |
| | | नाम | रकम | | | |
| | | शिव कुमार प्रधान | 91160.5 | | | |
| | | राजकुमार श्रेष्ठ | 132418 | | | |
| | | जम्मा रु. | 233578.5 | | | |
| | २८ | सम्बन्धीत संस्थाबाट कार्यक्रम गरेको खर्चको फाँटवारी पेश गरेको हुँदा सोही प्रमाणका कागजात पेश भएको रु | | | | ३००००० |
| | ६२.१ | वडा कार्यालयबाट सक्कल श्रेष्ता पेश भएको भएकोले श्रेष्ता परिक्षण गरिएको रु | | | | ३३८३००० |
| जम्मा | | | | | | ५३४९८२७ |

अनुगमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गाउँपालिकाबाट गत विगत वर्षको बेरुजू फछ्र्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ । (रु.हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| २५०७६० | ५३५० | १७०४९ | ० | २६२४५९ |